स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'खुस्मा' र 'म्याउँ' पछि अब फिल्म 'मोदीबेनी' घोषणा गरिएको छ । एक थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको फिल्मलाई शङ्कर कोइरालाले निर्देशन गर्नेछन् । करिब पैंतिस-चालिस वर्ष पहिले र हालको कथालाई मिश्रण गरेर पर्वत जिल्लाको मोदीबेनी क्षेत्रको कथामा फिल्म बन्ने जनाइएको छ । फिल्ममा दीलिप केसी निर्माता र हरि श्रेष्ठ सह-निर्मातामा रहेका छन् । फिल्ममा अभिनेत्री केकी अधिकारीको मुख्य भूमिका देखिने सम्भावना प्रवल छ । फिल्ममा निर्माता दीलिप केसीको पनि अभिनय रहनेछ ।

**आजको विचार...**



सार्वजनिक..
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



आगामी फागुन २५ गते रिलिज हुने फिल्म 'उपहार'को चार वटा फस्टलुक पोस्टर सार्वजनिक भएका छन् । निर्माण पक्षले फिल्मका प्रमुख कलाकारलाई स्थान दिँदै चार वटा फस्टलुक पोस्टर सार्वजनिक गरेको हो । पोस्टरमा अभिनेत्री रेखा थापा, पुजा शर्मा, बेनिशा हमाल र मुकुन भुषाललाई प्राथमिकता दिइएको छ । चिया घरलाई पृष्ठभूमिमा राखेर बनाइएको फस्टलुक पोस्टरमा रेखालाई थर्मस र चियाको ग्लास बोकेको देखाइएको छ । फस्टलुक पोस्टरमा अभिनेता मुकुन भुषाल ह्वीलचेयरमा बसेका छन् । उनलाई रेखाले दुई हातले समाएर माया गरेको देख्न सकिन्छ ।

❒ वर्ष २९ ❒ अंक १६९ ❒ २०८० माघ ३ गते बुधबार 17 January 2024, Wednesday ❒ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## सक्षिप्त समाचार

### त्रिशूलीमा खसेको जिप भेटियो



**चितवन,** माघ २/त्रिशूली नदीमा खसेको जिप भेटिएको छ । मंगलबार बिहान पौने पाँच बजेको समयमा नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत इच्छाकामना गाउँपालिका-५ स्थित तीन नम्बर पुल नजिकबाट खसेको जिप त्रिशूलीमा भेटिएको हो ।

भेटिएको जिप भारतीय नम्बरप्लेटको रहेको छ । जिप सडकबाट करिब ८५ मिटर तल खसेको हो । स्थानीयले जिप त्रिशूली नदीमा खसेको सूचना गरेपछि विपद् व्यवस्थापन तालिम शिक्षालय कुरीनटारको गोताखोरको टोली परिचालन गरिएको थियो । गोताखोरको टोलीले जिप पानी भित्र भेट्टाएको प्रहरीले जनाएको छ ।

उक्त जिपमा कोही पनि यात्रुहरु फेला नपरेको प्रहरीले जनाएको छ । पानीमा रूझेको एकजना व्यक्ति सडकमा आएर गाडी रोकेर गएको भन्ने सूचना पनि प्राप्त भएका कारण सायद बोलेरो चालक सकुशल रहेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । उक्त गाडी काठमाडौंमा सामान पुऱ्याएर फर्केको हुन सक्ने बताईएको छ । धटनाको विषयमा थप अनुसन्धान भईरहेको छ ।

# राष्ट्रिय सभा निर्वाचन : लुम्बिनीमा गठबन्धनका उम्मेदवार जिल्ला दौडाहामा

**रामचन्द्र रायमाझी**



**तानसेन,**तानसेन, माघ २/आगामी माघ ११ गते हुन लागेको राष्ट्रिय सभाको निर्वाचनको मिति नजिकिएसँगै दल र उम्मेदवारहरुले आफ्नो तयारीलाई तिव्रता दिएका छन् । रिक्त रहेको राष्ट्रिय सभा सदस्य पदका लागि गत पुस २३ गते मनोनयन दर्ता भइसकेको छ । लुम्बिनी प्रदेशमा पनि दुई रिक्त पदका लागि सत्तारुढ गठबन्धनबाट दुई, नेकपा एमालेबाट दुई, राप्रपाबाट दुई र जनमत पार्टीबाट एक गरी ७ जना उम्मेदवारले मनोनय दर्ता गरी मैदानमा उत्रिएका छन् ।

लुम्बिनीमा पाँचदलीय गठबन्धन र अन्य दलका उम्मेदवारहरुले भेटघाटका कामलाई तीव्रता दिएका छन् । चुनावको मिति नजिकिएसँगै यहाँ पाँचदलीय गठबन्धनका दुई जना उम्मेदवार जिल्ला दौडाहामा छन् । लुम्बिनी प्रदेशमा गठबन्धनबाट उम्मेदवार बनेका रोल्पाका माओवादी नेता झक्कुप्रसाद सुवेदी र गुल्मीकी काँग्रेस नेतृ विष्णुकुमारी सापकोटा प्रदेशका १२ वटै जिल्लाको भौगोलिक अवस्थाको बारेमा जानकारी लिन र मतदाताहरुसँग परिचय गर्ने उद्देश्यले लिएर जिल्ला दौडाहामा व्यवस्त बनेका छन् । उनीहरुले मंगलबार पाल्पाबाट जिल्ला दौडाहाको अभियान प्रारम्भ गरेका छन् । उम्मेदवारहरुले तानसेनमा गठबन्धन दलका शिर्ष नेताहरु, विभिन्न स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष र प्रदेश सभा सदस्यहरूसँग भेटघाट गरेका छन् । भेटघाटमा जिल्लामा गठबन्धनको अवस्था, यहाँको विकास निर्माणको अवस्थाका बारेमा जानकारी लिएका छन् । उम्मेदवार सुवेदी र सापकोटाले संविधान कार्यान्वयन र विकास निर्माणका लागि आफुहरुको उम्मेदवारी रहेको बताएका छन् । उनीहरूले जनताको प्रतिनिधित्व गरेर जनताको काम गर्ने बताए । नेकपा माओवादी केन्द्रका सुवेदीले २०६४ सालको निर्वाचनमा काठमाडौँ क्षेत्र नम्बर २ मा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई पराजित गरेका थिए । उनी २०७४ सालमा पनि काठमाडौँ क्षेत्र ६ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेका थिए । काँग्रेसकी सापकोटा भने पार्टीको लुम्बिनी प्रदेश समिति सदस्य हुन् । उनले गुल्मी पार्टी सचिव तथा महिला संघ सभापतिको जिम्मेवारी निर्वाह गरिसकेकी छन् । उनी २०७४ को स्थानीय तह चुनावमा मुसिकोट नगरपालिकाको उपमेयरमा उम्मेदवार समेत भएकी थिइन् । उनीहरु मंगलबार नै पाल्पा, गुल्मी हुँदै रोल्पा पुगेका छन् । तानसेनमा भएको भेटघाट कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका निवर्तमान सभापति एवं लुम्बिनी प्रदेशका सांसद, पूर्व मन्त्री वीरबहादुर रानाले राष्ट्रिय सभाको निर्वाचनका लागि प्रस्तुत उम्मेदवार सबैका साझा भएको उल्लेख गर्दै सहयोग गर्न सबैलाई आग्रह गरे । उनले नेपालको संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणका लागि गठबन्धन गरिएको बताए । सांसद रानाले संविधानको रक्षा गर्ने, मुलुकको समृद्धि गर्ने दिशामा गठबन्धन एक भएर अगाडि बढ्नु अहिलेको आवश्यक रहेको औल्याउँदै त्यसका लागि राष्ट्रिय सभाका उम्मेदवारहरुको महत्वपूर्ण भूमिका रहने धारणा व्यक्त गरे । उनले जनताहरु राजनीतिक दलहरुप्रति वितृष्ण पैदा भएकाले जनतालाई अनुभूत गर्ने गरी काम गर्नु पर्ने बेला भएकाले त्यसतर्फ गठबन्धनले सोच्न जरुरी रहेको समेत बताए । सांसद रानाले भने ,'राष्ट्रिय सभामा गठबन्धनका उम्मेदवारहरुको जित सुनिश्चित छ तर जित हुँदै गर्दा जतनतासँग गरेका वाचा भुल्न हुँदैन ।' पछिल्लो समय लामो संघर्षपछि ल्याइएको लोकतान्त्रिक गणतन्त्र व्यवस्थालाई धरापमा पार्ने खेल भइरहेकाले व्यवस्था संरक्षणका लागि गम्भीर बन्नुपर्ने बेला आएको समेत उनले बताए । नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले पनि दुवै इमान्दार, निष्कलंक छवि भएका व्यक्तिहरुलाई गठबन्धनले उम्मेदवार बनाएकाले सबैले सहयोग गर्न आग्रह गरे । उनले एमालेका केही नेताहरुको अहङ्कारका कारण मुलुक अफ्ठ्यारो स्थितीमा पुगेको भन्दै त्यस्ता प्रवृतिलाई निरुत्साहित गर्न गठबन्धनका उम्मेदवारहरु राष्ट्रिय सभामा पुग्नै पर्ने बताए । गठबन्धन पाल्पाका संयोजक तथा नेपाली काँग्रेस पाल्पाका सभापति एवं युवा नेता हिमालदत्त श्रेष्ठले लोकतान्त्रिक गणतान्त्रिक प्रणालीको सुदृढीकरण, राजनीतिक स्थिरता, दिगो शान्ति, सुशासन र समृद्धिका लागि गठबन्धनका उम्मेदवारहरुको जित सुनिश्चित रहको बताए । सभापति श्रेष्ठले स्थानीय, प्रदेश र संघीय तहमा गठबन्धनका संरचनाहरुलाई बलियो बनाउन आवश्यक रहेको औल्याए । उनले राजनीति गर्ने नेताहरुले जनतासँग गरेका वाचाहरुलाई कार्यान्वयन गर्ने दिशामा प्रतिवद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेकपा माओवादी केन्द्र पाल्पाका अध्यक्ष राजेन्द्र विक, एकिकृत समाजवादी पाल्पाका अध्यक्ष अशोक कुमार शाही, राष्ट्रिय जनमोर्चा पाल्पाका उपाध्यक्ष टिकाराम पौड्याल लगायतले वर्तमान अवस्थामा देखिएका विकृतिका विरुद्ध गठबन्धन एक भएर अगाडि बढ्नुको विकल्प नरहेको बताए । लुम्बिनीबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्दै आएका नेकपा एमालेका कुमार दसौंदी र नेपाली कांग्रेसकी अनिता देवकोटाको कार्यकाल सकिन लागेकाले ती दुई सिटका लागि निर्वाचन हुन लागेको हो । राष्ट्रियसभा निर्वाचनका लागि लुम्बिनीमा ८७ प्रदेशसभा सदस्यका साथै पालिकाका २ सय १८ प्रमुख-उपप्रमुख गरी ३ सय ५ जना मतदाता छन् । प्रदेश सभा सदस्य, स्थानीय तहअन्तर्गत नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष मतदाता हुन्छन् । जसका लागि निर्वाचन आयोगले प्रदेशसभाका एक सदस्य बराबर ५३ र स्थानीय तहका एक प्रतिनिधि बराबर १९ मतभार कायम गरेको छ ।

# रेसुङ्गा विमानस्थलमा हप्ताको चार पटक उडान हुँदै

**तम्घास,** माघ २/गुल्मीको रेसुङ्गा विमानस्थलमा हप्ताको चारपटक उडान हुने भएको छ । हाल हप्तामा दुई पटक मात्रै उडान हुदैं आएकोमा अगामी फागुनको पहिलो हप्ताबाट चार पटक उडान हुनेगरी व्यवस्था मिलाइएको हो ।

रेसुङ्गा विमानस्थलमा गत वैशाख २९ गते पहिलो व्यावसायिक उडान भएको थियो । यात्रुको अत्याधिक चाप भएपछि बुधबार र शुक्रबार गरी हप्ताको दुई दिन उडान भइरहेको थियो । अझै पनि यात्रुको चाप अत्याधिक नै भएका कारण हप्ताको चार दिन उडान गर्ने गरी तयारी भइरहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए ।

यसका लागि नेपाल नागरिक उड्ययन प्राधिकरण तथा नेपाल वायुसेवा निगमसँग पुन:सम्झौता गर्ने तयारी गरिएको उनले बताए । रेसुङ्गामा हालसम्म ६४ उडान भएका छन् । यसबाट आठ सय १५ यात्रुले सेवा लिएका छन् । जहाजमा अधिकाशं गम्भीर रोगका बिरामी, ज्येष्ठ नागरिक र अशक्त नागरिकले सेवा लिएका छन् । **-रासस**

# रिडीमा भक्तजन : माघे संक्रान्तिको पहिलो दिन घुँइचो, दोस्रो दिन न्यून

**कृष्ण पोखरेल**



पाल्पा, माघ २/यस वर्षको माघे संक्रान्तिको पहिलो दिन पाल्पा, गुल्मी र स्याङ्जाको संगम स्थल रुरु क्षेत्र धाम रिडीमा भक्तजनहरुको घुँइचो लागेको थियो । कालीगण्डकी स्नान तथा हृषिकेशव भगवानको दर्शन गर्न डेढ लाखको हाराहारीमा भक्तजनहरुको त्यहाँ पुगेका थिए । दोस्रो दिन मंगलबार भने भक्तजनहरुको सहभागीता न्यून रह्यो । पहिलो दिन डेढ लाखको संख्यामा भ्क्तजनहरु रिडी पुगे पनि दोस्रो दिन १० हजार भक्तजनको सहभागीता रहेको रुरु सञ्चार प्रालिका अध्यक्ष चुरामणी तिमिल्सीनाले जानकारी दिए ।

माघे संक्रान्तिको अवसरमा परम्परादेखी नै कालीगण्डकी रुरु क्षेत्रधाम रिडिमा जेठी, माईली र कान्छी संक्रान्तिको रुपमा धार्मिक मेला लाग्दै आएको छ । यस वर्ष माघ ६ गतेसम्म मेला लाग्ने तिमिल्सीनाले बताए । भक्तजनहरु टाढा-टाढा बाटा कालीगण्डकीमा स्नान गर्ने, फषिकेशव भगवानको दर्शन गर्नुको साथै मेला अवलोकन गर्न त्यहाँ पुग्ने गर्दछन् । माघे संक्रान्तिको अवसरमा कालीगण्डकीमा स्नान गर्नाले अञ्जानमा गरेका सम्पुर्ण पाप नाश हुने, मृत्यु पछि स्वर्गमा बास हुने जनविश्वास रहेको पाईन्छ । विगत देखी नै पाल्पा, गुल्मी, अर्घाखाची, स्याङ्जा, रुपन्देही जिल्ला लगायत छिमेकी देश भारतबाट समेत रुरु क्षेत्र रिडिमा कालीगण्डकी स्नान गरी भगवानको दर्शन गर्न जाने परम्परा नै रहेको छ । रुरु क्षेत्रधाम नेपालको चार धाम मध्ये एक भएकाले यसको विशेष धार्मिक महत्व रहेको हृषिकेशव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्सुराम भट्टराईले बताए । माघे संक्रान्तिमा रुरु क्षेत्रमा नेपालकै नमुना ३ मुखे पुल विशेष आर्कषण बनेको छ । पाल्पा, गुल्मी र स्याङ्जा ३ वटै जिल्लाबाट पुलमा आवत जावत गर्न सकिन्छ ,जसको कारण ३ वटै जिल्लामा रहेका धार्मिक तिर्थस्थलहरुको भक्तजनहरुले सजिलै अवलोकन गर्न पाएका छन् । रिडीको ३ मुखे पुलमा धार्मिक भक्तजनसंगै फोटो खिच्ने, भिडियो बनाउने युवायुवतीहरुको पनि विशेष भिडभाड रहेको छ । धार्मिक मेलामा रुकुम, रोल्पा, डोल्पाबाट, मनाङ, मुस्ताङबाट काम्लो, कम्मल, राडी, पाखी, बासबाट उत्पादित विभिन्न किसिमका डाला, पाथी, काइयो लगायतका घरेलु सरसमान, हुम्ला, जुम्लाको ओखको घाँजी जस्ता सरसमान बिक्रीको लागि रुरु क्षेत्रमा आएका छन् । धार्मिक मेलामा गुल्मीको गुड, पाल्पाको सुन्तला विक्रिको लागि राखिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भूकम्प सुरक्षा दिवसको औचित्य

**विसं १९९० माघ २ गते भूकम्प गएको सम्झनामा मंगलबार देशभर विभिन्न कार्यक्रम आयोजना गरी २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको छ । 'स्थानीय स्रोत र प्रविधि समेतको प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ' भन्ने मूल नाराका साथ यस वर्षको दिवस मनाइएको हो । विसं २०५५ देखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रुपमा मनाउन थालिएको पाइन्छ । भूकम्पका बारेमा जनचेतना जगाउने उद्देश्यले सरकारले हरेक वर्ष यो दिवस मनाउन शुरु गरेको थियो । यो दिवस मनाउन थालेपछि विसं २०७२ वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु भएर गएको भूकम्पले करीब नौ हजार मानिसको ज्यान लियो । आठ लाखभन्दा बढी निजी घर ध्वस्त भए । त्यसता गत कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पमा १ सय ५३ जनाले ज्यान गुमाए । तर यसबाट अझै पाठ सिक्न सकिएको छैन् । ९० सालको भूकम्पबाट पाठ नसिकेकै कारण पटक– पटक गएका भूकम्पबाट ठूलो क्षति व्यहोर्नु परेको छ । यो अत्यन्त दुखको कुरा हो । २०७२ साल वैशाखमा गएको विनासकारी भूकम्पबाट क्षति भएका संरचना पुनर्निर्माणको क्रम अहिले पनि जारी रहेको सन्दर्भमा राष्ट्रिय भूकम्प सुरक्षा दिवसको आफ्नै महत्व छ । भूकम्पबाट हुने क्षति तथा क्षतिबाट बच्ने उपायबारे व्यापक जनचेतना अभिवृद्धि गराउनु र भूकम्पको क्षति पछिको पुनर्निर्माणमा सरकार सक्षम छ भन्ने विश्वास जनतालाई दिलाउन सके मात्र भूकम्प सुरक्षा दिवसको सार्थकता रहन्छ । तर, २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउँदै गर्दा यी दुवै कुराको सार्थकता देखिएन । यदी भूकम्पको सुरक्षा सतर्कताबारे जनतालाई सुसूचित गराउन सकिएको भए न ०७२ भूकम्पको क्षति व्यहोर्नु पथ्र्यो नत २०८० कार्तिक १७ मा जाजरकोटको त्यति ठूलो जनको क्षति हुने थियो । यसले अझै पनि भूकम्पपछिको पुनर्निर्माणमा सरकार सक्षम छ भन्ने सन्देश जान सकिरहेको छैन । भूकम्प उत्थानशील समुदायको निर्माण गर्न सहयोग गर्ने हेतुले वर्षैपिच्छे यो दिवस राष्ट्रव्यापी रुपमा बनाउने गरिन्छ । तर यो दिवस मनाएर दुर दराजमा रहेका व्यक्ति र समुदायले के सिके र तिनको व्यवहारमा के परिवर्तन भयो भन्ने बारे कहि कतै उल्लेख छैनन् । दिवस मनाउनकै लागि मनाउनुको कुनै अर्थ छैन । दिवसका अवसरमा त स्थानीय सरकारको अगुवाइमा गाउँ–गाउँमा र विद्यालयमा पुगेर भूकम्पबाट सुरक्षित हुने ज्ञान र सचेतना जगाउन सकिन्छ तब मात्र दिवस मनाउनुको औचित्य रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्छ ।**

### Opinion @ Social Network

बोल्ने शब्द र गरिने ब्यवहार नै मान्छेको पहिचान हो।
अनुहार र औकात त कतिबेला बदि्लन्छ थाहै हुदैन ।।
(*पविता घिमिरेको फेसबुक स्टाटस* https://www.facebook.com/*Pabita Ghimire* ))

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक सेवा प्रवाहमा कर्मचारीतन्त्र : एक विश्लेषण




***सुरुवाती समयमा सैनिक सेवाकै रुपमा रहेको कर्मचारीतन्त्रलाई अलग्याई गैर सैनिक चरित्रको रुपमा स्पान्तरणको प्रतिफल हो कर्माचारीतन्त्र । यसको इतिहासलाई हेर्ने हो भने इ.पू २०६ – २२० को समयमा चीनबाट यस सेवाको सुरुवात भएको देखिन्छ भने आधुनिक सेवाको रुपमा बेलायतलाई लिन सकिन्छ । नेपालमा भने बाईसे चौबिसे राज्यसँगै यसको अभ्यास भएको र मल्लकाल हुँदै पृथ्वी नारायण शाहको साशन कार्यकालमा भने यसको महत्वपूर्ण भूमिका रहेको इतिहास अध्ययनमा भेटिन्छ ।***

सेवाको वरीपरि जनता होइन जनताको वरीपरि सार्वजनिक सेवा पुग्नु पर्दछ भन्ने मान्यता राख्दै ,घर आगनमै सिहं दरबारको नारा अनुरुप राज्यको नयाँ व्यवस्थासँगै नयाँ संरचनाको परिकल्पना साथ कार्यान्वयन गरिएको भन्ने कुरामा दुईमत रहँदैन् । हाल यहि अवधारणाको आधारमा देशका सुगमदेखि विकट दुर्गम क्षेत्रमा सार्वजनिक सेवा प्रवाहसँगै राज्यको उपस्थिति जनाउन सफल भएको देखिन्छ कर्मचारीतन्त्र । कर्मचारीतन्त्र स्थायी सरकार मात्रै होइन यसलाई स्थायी साशन व्यवस्था नै भन्दा पनि फरक पर्ने देखिदैन । हरेकको साशन व्यवस्था र सरकारको सफलता तथा असफलतामा यस क्षेत्रको हात उल्लेख्य रहेको अनुमान लगाउन सकिन्छ । जनताको सुख–दुःख तथा विभिन्न किसिमका आकस्मिक अपठ्यारहरुमा कर्मचारीतन्त्रले सेवा मात्रै होइन दायित्व, कर्तव्य र जिम्मेवारी पनि पुरा गरेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

राज्यको तर्फबाट जनताको हित र सुविधाको लागि प्रवाह गर्ने नियमित तथा आकस्मिक सेवाहरुको समग्र रुपलाई सार्वजनिक सेवा भनिन्छ । यसको सुरुवात १९ औं शताब्दीतिर औद्योगिक क्रान्तिपछि भएको अनुमान लगाउन सकिन्छ । यसले प्रार्दशिता, जवाफदेहिता, सहभागिता र कानुनी पक्षहरुलाई समेटेको हुन्छ । यसमा विशुद्ध सेवा प्रवाहका लागि राज्यले प्रशासनिंक खर्चनै छुट्याएर कर्मचारी तथा कार्यालयहरुको व्यवस्था गरेको देखिन्छ भने यसका लागि आम नागरिकको अप्रत्यक्ष योगदान रहेको छ । जनताको माग तथा आवश्यकता अनुसार सेवा प्रवाहका लागि स्थायी रुपमा स्थापित भएको संस्था हो कर्मचारितन्त्र ।

समाजको विकाससँगै राज्यहरुको परिकल्पना गरियो । राज्यको प्रमुखको रुपमा राजा रहने र राजाले जनताको हित र कल्याणका लागि कार्य गर्न सरकारको प्रतिनिधिका रुपमा कर्मचारी प्रशासनको अभ्यास तथा कल्पना गरिएको सजिलै अनुमान लगाउन सकिन्छ । सुरुवाती समयमा सैनिक सेवाकै रुपमा रहेको कर्मचारीतन्त्रलाई अलग्याई गैर सैनिक चरित्रको रुपमा स्पान्तरणको प्रतिफल हो कर्माचारीतन्त्र । यसको इतिहासलाई हेर्ने हो भने इ.पू २०६ – २२० को समयमा चीनबाट यस सेवाको सुरुवात भएको देखिन्छ भने आधुनिक सेवाको रुपमा बेलायतलाई लिन सकिन्छ । नेपालमा भने बाईसे चौबिसे राज्यसँगै यसको अभ्यास भएको र मल्लकाल हुँदै पृथ्वी नारायण शाहको साशन कार्यकालमा भने यसको महत्वपूर्ण भूमिका रहेको इतिहास अध्ययनमा भेटिन्छ । एकिकरण अभियानमा उल्लेख्य साथ दिएको प्रमाण पनि पाईन्छ । वि.स.२००७ साल अगाडि यस सेवालाई स्वेच्छाचारी र आदेशका आधारमा र त्यस पछि क्रमश सुधार गर्दै लगेको देखिन्छ । हाल राज्यको नयाँ सरचनासँगै तीन तहको अस्तित्वको रुपमा यस संस्थाले सार्वजनिक सेवालाई झनै नजिकबाट जनताको घर दैलोमा पुऱ्याएको छ । सरकारले जनताको लागि तय गरेका विकास तथा सेवालाई जनतासम्म पुऱ्याउने ,दुर्गम बिवकट क्षेत्रमा सरकारको उपस्थिति जनाउने, जुनसुकै अपठ्यारोमा पनि कत्ति बिचलित नभैकन अनियन्त्रित सत्ताको बागडोरलाई नियन्त्रित गराउने कुरामा पनि इतिहास यसले बोकेको छ ।

सार्वजनिक सेवा प्रवाहमा कर्मचारीतन्त्र माथि विभिन्न आरोप र उपमा दिने गरेको पनि देखिन्छ तर यस्ता आरोप तथा उपमालाई चिरफार गरि सार्वजनिक सेवालाई सेवाग्राही मैत्री बनाउने दायित्व पनि निर्विकल्प यहि कर्मचारीतन्त्र माथि नै रहेको देखिन्छ ।

**सार्वजनिक सेवा प्रवाहमा कर्मचारीतन्त्रको महत्व :** सार्वजनिक सेवा प्रवाहमा कर्मचारीतन्त्रको निर्विकल्पनै महत्व रहेको छ । शान्ती होस् या द्वन्द्व, सुगम शहर होस् या दुर्गम ग्रामिण क्षेत्रमा वा व्यवस्थित कार्यालयबाट होस् या झोलाबाट नै किन नहोस् राज्यको उपस्थिति जनाई सेवा दिने संस्था हो कर्मचारितन्त्र । जुनसुकै व्यवस्था होस् या सरकार निरन्तर सेवामा लागिरहने संस्था हो कर्मचारीतन्त्र । जनमानसको सुख–दुखको सारथी हो कर्मचारीतन्त्र । सरकारले निर्धारण गरेका सेवाहरु जनतासम्म पुऱ्याउने माध्यम पनि हो कर्मचारितन्त्र अनि ऐन नियमको पालक र कार्यान्वयन कर्ता पनि हो कर्मचारीतन्त्र । यहाँ यस संस्थाका केहि महत्वहरु उल्लेख गर्ने प्रयास गरिएको छ ।

- नागरिकको हित र कल्याण प्राप्तिमा
-सरकारको सेवा नागरिक सम्म पुऱ्याउन
- मानवीय र भौतिक स्रोत साधनको व्यवस्थित परिचालनमा
- जनताको दैनीकी र जीवनस्तरलाई सहज बनाउने पक्षमा
- सरकारको योजना , नीति तथा ऐन कानुनको कार्यान्वयनका लागि
- सरकार र जन्ता बीचको सम्बन्ध सुमुधुर बनाउने पक्षमा
- नियमीत ,आकस्मिक तथा विकासात्मक कार्यका लागि

**कर्मचारीतन्त्रमाथीको चुनौती :** परिवर्तित राज्य व्यवस्थामा आफ्नो संरचनालाई पनि समय अनुसार परिवर्तन गरि सार्वजनिक सेवालाई कर्मचारीतन्त्र र सेवाग्राहिमैत्री बनाएर लैजानमा केहि चुनौती पनि सिर्जना भएको देखिन्छ । यहाँ केहि चुनौती उल्लेख गर्ने प्रयास गरिएको छ ।

- आवश्यक ऐन,नियमको अभावमा कार्य गर्नका लागि
- अधिक राजनीतिक हस्तक्षेपका विच सेवा प्रवाह गर्न
- सेवालाई समय अनुकुल परिवर्तन गरि प्रविधिमैत्री बनाउन
- परिवर्तित व्यबस्था र सरकार अनुसार रुपान्तरण भई सेवा प्रवाह गर्न
- पुरानै संगठनात्मक स्वरुप अनुसार सेवा प्रवाह गर्न
- आवश्यक स्रोत साधनको अभावका कार्य गर्न
- प्रक्रियामुखी सेवाबाट माथि उठ्न
- गतिशील, सरल र स्पष्ट योजना / कार्य विधिको अभावमा कार्य गर्न
- काम पन्छाउने, कारण देखाउने, बहानाबाजी जस्ता परम्परागत प्रवृत्तिको अन्त्य गर्न
- दुर्गम ग्रामीण क्षेत्रमा सेवा प्रवाहलाई नियमित गर्न
- सेवा लागतमा न्युनिकरण गर्न
- विकेन्द्रीत सेवा प्रवाहलाई व्यवहारीक रुप दिई सेवा दिन
- संघीय व्यबस्थामा रहेर सेवा प्रवाह गर्न

**कर्मचारीतन्त्र माथी उत्पन्न समस्या :** स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रले यति लामो समय र इतिहास बोकेता पनि हालसम्म पनि विभिन्न समस्याको सामनाबाट मुक्त हुन सकेको देखिदैन । यहाँ केहि समस्याहरुलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

- अनियन्त्रित विकेन्द्रीत साशन व्यवस्था
- आवश्यक दरवन्दीको अभाव
- करार र राजनीतिक नियुक्तिको भरमा कर्मचारी व्यवस्थापन
- राजनीतिक सरुवा,बढुवाको चेपुवामा पर्नु
- सुशासन र असल शासनको अभ्यास नाममा मात्रै सिमित
- भष्ट्राचार र बेथितीलाई नियन्त्रण गर्न नसक्नु
- कर्मचारी सेवा शर्त सम्बन्धि ऐन नियमको अभाव
- कर्मचारी व्वस्थापनमा वैज्ञानिककता को अभाव
- तीन तह बीच कार्य समन्वयको अभाव
- अत्यावश्यक ऐन नियमको अभावमा सेवालाई प्रभावकारी बनाउन नसक्नु
- कर्मचारीमा वृत्ति विकासमा अन्यौलता
- आर्थिक अनुसाशनको अभाव
- अवश्यक र समय अनुकुल तालिम तथा प्रशिक्षणको अभाव
- न्युन तलब स्केल

**समस्या समाधानका उपायहरु :** सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र जनमैत्री बनाउने एउटै उपाय हो कर्मचारीतन्त्र वा प्रशासनमा उत्प्रेरणा सिर्जना गर्नु । यसका लागि केहि निम्न उपायहरु अबलम्वन गर्न सकिने देखिन्छ

- तीन तहका नाममा कर्मचारी माथि सिर्जना गरिएको विभेद अन्त्य गरि एकिकृत गर्नु पर्ने
- भौगोलिकता अनुसार कर्माचारीको सेवा सुविधा निर्धारण गर्नु पर्ने
- वित्तृ विकासको स्वचालित प्रणाली निर्धारण गर्नुपर्ने
- दरबन्दी संरचनामा पुर्नरावलोकन गर्नुपर्ने
- विभिन्न कार्यदलले दिएको सुझाव कार्यान्वयन गर्नु पर्ने
- समय अनुकुल सेवा सुविधामा परिवर्तन गरिनुपर्ने
-कर्मचारीको तलब स्केल अन्तर्राष्ट्रिय अनुसार हुनुपर्ने
- कार्यसम्पादनको आधारमा सेवा सुविधा थप घट हुनुपर्ने
- तत्काल कारवाही र तत्काल पुरस्कारको व्यवस्था हुनुपर्ने
- कागजी प्रक्रिया हटाउदै लानुपर्ने
- निजामती सेवा ऐनको निर्माण तत्काल गरिनुपर्ने

**निश्कर्ष :** सार्वजनिक सेवामार्फत सरकारका कार्यलाई जनतासम्म पुऱ्याई खुशी, सुखी र कल्याणमा अभिवृद्धि गर्नका लागि नै कर्मचारितन्त्र वा प्रशासनको सुरुवात भएको हो । जनताले नै करको रुपमा दिएको राजश्वकै आधारमा हाम्रो सेवा सुविधा निर्धारण भएको हो भन्ने सिंगो कर्मचारितन्त्रमा भावना विकास गरी सरकारी कार्यालयहरुलाई मन्दिर र सेवाग्राहीलाई भक्तको रुपमा हेर्ने जिम्मा सिंगो कर्मचारीतन्त्रमा रहेकाले परिवर्तित समय र जनचाहना अनुसार आफुलाई परिवर्तन गरी सार्वजनिक सेवा प्रवाह गर्नु पर्ने देखिन्छ । सार्वजनिक सेवा प्रवाहमा कर्मचारीतन्त्रबाट कहिले काहि देखापर्ने समस्यालाई समाधान गरियी दुई पक्ष बिच नङ र मासु को जस्तै परिपुरक सम्वन्ध स्थापित गर्ने जिम्मा भने सरकार सञ्चालक, नीति निर्माता र राजनीतिक नेतृत्वको हात मानै रहेको देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **तुला** :मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । |
| **बृष** :जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ । | **बृश्चिक** : एकोहोरो माया प्रेमले सताउने छ ।कारोबारमा विवाद पनि आउला । |
| **मिथुन** :अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । | **धनु** :महिला वा मित्रबाट विशेष सहयोग मिल्ला।परिवारकासँग भेटघाट हुनेछ । |
| **कर्कट** : कार्यमा व्यवधान आइपर्ला, धन खर्च हुने छ । | **मकर** : यात्रामा मालसामान हराउने र कार्य सम्पादनमा समस्या आउला । |
| **सिंह** : साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला । | **कुम्भ** : आज एउटै कामबाट दोहोरो लाभ र बन्धुबान्धवबाट सहयोग मिल्नेछ । |
| **कन्या** : मनमा हर्ष, उमंग र उत्साह रहला । रमाइलो यात्राको रहेको छ । | **मिन** :आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । |



# ‘म्याउँ’ घोषणा, अनुप र उत्तमको प्रमुख भूमिका

अभिनेता द्वय अनुप विक्रम शाही र उत्तम प्रधानको प्रमुख अभिनय रहने नेपाली चलचित्र ‘म्याउँ’ बन्ने भएको छ । माघे सक्रान्तिको अवसर पार्दै यसको प्रथम भाग घोषणा गरिएको छ ।




अनुपको लागि महत्त्वाकाङ्क्षी तथा उत्तमको कम ब्याक रहने यो चलचित्रलाई लेखन, निर्देशन तथा निर्माण जय राज रायको रहनेछ । जय मिडिया म्यानेजमेन्टको प्रस्तुतिमा बन्ने यस चलचित्रमा प्रमुख भूमिकाको लागि अभिनेत्रीको भने टुङ्गो नलागेको निर्देशक रायले बताए । मानसिक रूपमा विक्षिप्त अवस्थाको ‘साइको किलर’, जसको आफ्नै समस्याग्रस्त अतीत छ । उसले समाजमा देखाउने आफ्नो उपस्थिति र त्यसबाट उत्पन्न हुने परिस्थितिको कथामा यो चलचित्र बन्न लागेको रायले बताए । उनले यस चलचित्रमा ‘ट्विस्ट एन्ड टर्न’को भरपुर प्रयोग गरी शानदार अनुभव दिलाउन कुनै कसर बाँकी नराख्ने बताए । दक्षिण भारतीय चलचित्र सङ्गीतका प्रख्यात एजे अलीमिर्जाक नौशाद अलीले सङ्गीत दिने यस चलचित्रमा दक्षिण भारतीय चलचित्रका पार्श्व गायक गायिका साई भिग्नेश, पद्मलताले स्वर दिनेछन् । साई चर्चित चलचित्र ‘कान्तारा’को गीत ‘बराह रूपम’ र पद्मलता चलचित्र ‘थानी ओरूभन’को ‘कान्नाला कान्नाला’ गीतबाट चिनिन्छन् । दक्षिण भारतीय चलचित्रकै प्रख्यात सिनेमाटोग्राफर आकाश कुमारको डिओपी रहने ‘म्याउँ’मा लक्ष्मण सुनारले एशोसियट निर्देशन तथा सम्पादन गर्नेछन् । यस चलचित्र चीनमा पनि रिलिज हुनेछ ।

जसको लागि चिनिया वितरक साउथ एसिया मेरीटाईम सिल्क रोड (फुजियान) ईन्टरनेसनल मिडिया को. लि. चलचित्रमा आबद्ध भइसकेको छ । जेनी खतिवडा राय, केन्द्र रेग्मी र प्रिन्स कुमार चौधरी सह निर्माता रहेको चलचित्रकी कार्यकारी निर्माता निशा खतिवडा हुन् । भुटानी चलचित्रमा अनुभव लिएका सुमन माझीको साउन्ड डिजाइन र सुदिप भण्डारीको भिएफएक्स रहनेछ । यसको विश्वव्यापी रिलिज लक्ष्य सन् २०२४ राखिएको छ ।

**-रातोपाटी डटकम**

# धिरज र उपासनालाई लिएर ‘खुस्मा’ बन्ने




अभिनेता धिरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी पहिलोपटक फिल्ममा एकसाथ देखिने भएका छन् । अशोक थापा मगरको निर्देशनमा बन्न लागेको फिल्म ‘खुस्मा’मा उनीहरुको जोडी बाँधिन लागेको हो । माघे संक्रान्तिको अवसरमा सोमबार कमलादीस्थित गणेश मन्दिरमा फिल्मको शुभमुहूर्त गरिएको छ । दुई चरणमा छायांकन हुने फिल्म द्वन्द्वकालीन प्रेमकथामा केन्द्रित भएर बन्नेछ ।

फिल्मको निर्मातामा बेताने मगर, चन्द्र भट्टचन, मोहन राई र सुस्मिता बुढाथोकी छन् भने एसडी योगी, सुरेन्द्र राना र राम अविरल विष्टको संगीत रहनेछ । दीपक बज्राचार्यले छायांकनको जिम्मेवारी पाएको फिल्ममा अस्तित्व भट्टचन, खड्क बहादुर पुन ( खबपु) र अरुण मगरको पनि अभिनय रहनेछ । एम मिडियाको ब्यानरमा निर्माण हुने फिल्मलाई काफिया फिल्मस्ले देशभर वितरण गर्नेछ । धिरजले फिल्ममा आफ्नो गाउँको क्यारेक्टर रहेको बताएका छन् । ‘मलाई हरेक फिल्ममा दर्शकले फरक लुक्समै देखिरहनुभएको छ । यसमा पनि त्यो देखिनेछ,’ उनी भन्छन्, ‘मलाई निर्देशकले फिल्म अफर गर्दा नै केही फरक लागेको थियो । यसमा फरक तरिकाले लभस्टोरी कथा आउनेछ । गाउँमा हुँदाको ‘इनोसेन्ट लभ’लाई फिल्मलाई देखाइनेछ । म फिल्मलाई लिएर उत्साहित छु ।’ उपासना भने स्क्रिप्ट सुन्नसाथ फिल्ममा काम गर्नुपर्छ भन्ने निर्णयमा पुगेको बताउँछन् । ‘स्क्रिप्ट सुनेपछि नै मलाई यो फिल्म गर्नैपर्छ भन्ने लागेको थियो । फिल्ममा गाउँको मीठो लभस्टोरी छ,’ उनले भनिन् । धिरजसँग काम गर्ने इच्छा पूरा भएकोमा पनि उनले खुसी व्यक्त गरिन् । फिल्मको छायांकन यही माघ ५ गतेदेखि रुकुमको मैकोट, बागलुङको ढोरपाटन, पोखरा र काठमाडौंमा गरिनेछ । **-फिलमीखबर डटकम**


## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै दर्ता गरौं ।
- वन जंगललाई आगोलागी हुनबाट बचाऔं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पदाको संरक्षण गरौं ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबै खालका विभेद अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र दिसापीसाब गर्ने बानी बसालौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधि संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

| कृष्णप्रसाद तिमिल्सिना | युवराज थापा | रुक्माङ्गत भट्टराई |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## मदाने गाउँपालिकाको अनुरोध

- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।

| शालिकराम पन्थी | सरिता खड्का | महेन्द्र बहादुर कुँवर |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# पाल्पा, गुल्मी र अर्घाखाँचीका डेरी व्यवसायी तानसेनमा



**पाल्पा,** माघ २/पाल्पा, गुल्मी र अर्घाखाँचीका डेरी व्यवसायीहरु तानसेनमा भेला भएका छन् । डेरी व्यवसायीहरुको छाता संगठन नेपाल डेरी एशोसियसन पाल्पा, गुल्मी र अर्घाखाँचीको संयुक्त साधारण सभा गर्न तीन जिल्लाका डेरी व्यवसायीहरु तानसेनमा भेला भएका हुन् ।

नेपाल डेरी एशोसियसन लुम्बिनी प्रदेश र पाल्पा शाखाको संयुक्त आयोजनामा तीनै जिल्लाका डेरी व्यवसायीहरुको उपस्थितीमा संयुक्त साधारण सभा भएको हो । सभाको प्रमुख अतिथि तानसेन नगरपालिकाका प्रवक्ता यादव सिंह कार्कीले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रवक्ता कार्कीले डेरी उद्योगहरुमा देखिएको समस्या समाधानमा स्थानीय सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताए । डेरी व्यवसायीहरुले आफुहरु पलायन हुने अवस्थामा आईपुगेको गुनासो गरेपछि उनले सो गुनासो सम्बोधन गर्दै समस्याको कारण पहिचान गरी योजना बनाएर ल्याएमा नगर सरकारले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । नगर सरकारले बाखा, भैसी, कुखुरा पालनमा लगानी गर्दै आएको बताउँदै नगर प्रवक्ता कार्कीले कृषकलाई प्रोत्साहन गरे मात्र पनि डेरी व्यवसायी सबल बन्ने बताए । उनले कृषकहरुले उत्पादन गरेका कृषिवस्तुहरु खपत हुन उपभोक्ताको संख्याले निर्धारण गर्ने समेत बताए । प्रवक्ता कार्कीले भने,'पछिल्लो समय पाल्पाको जनसंख्या घट्दै गएकाले पनि दुध खपतमा कमी आएको हुन सक्छ, यसतर्फ ध्यान दिन जरुरी छ ।' नगर सरकार तानसेनलाई मासु र दूधमा आत्मनिर्भर बनाउने गरी अगाडि बढेको समेत उनले बताए । विशिष्ट अतिथि तानसेन नगरपालिका-६ का वडा अध्यक्ष सागरमान महर्जनले आफ्ना समस्याहरु हुँदा हुँदै पनि कृषकहरुलाई बचाई राखेको भन्दै डेरी व्यवसायीहरुलाई धन्यवाद दिए । उनले कृषकहरुले उत्पादन गरेको दूधलाई डेरीहरुले बजार व्यवस्थापन गरिदिएका कारण नै कृषकहरु आम्दानी गर्न सफल भएको बताए ।

अध्यक्ष महर्जनले बेला बेलामा कृषकहरुले भुक्तानी नपाएका गुनासो आउने गरेकाले त्यसतर्फ डेरी एसोसियसनले ध्यान दिनुपर्ने बताए । उनले भने,'अध्ययन अनुसन्धान गरेर मात्र काम गरेमा समस्या आउँदैन ।' कार्यक्रममा नेपाल डेरी एशोसियसन लुम्बिनी प्रदेशका अध्यक्ष थानेश्वर न्यौपानेले पछिल्लो समय दुध खपत नहुँदा डेरी उद्योगहरु समस्यामा परेको बताए । उनले अब सबै डेरी उद्योग र कृषकहरुलाई बचाउन एशोसियसनले फरक ढंगले योजना बनाएर अगाडि बढेको बताए । अध्यक्ष न्यौपानेले दूध तराईमा निर्भर रहेकाले समस्या आएको धारणा व्यक्त गरे । एशोसियसन पाल्पाका अध्यक्ष टिकाराम खरालले आफुले ठूलो संघर्ष गरेर पाल्पामा डेरी उद्योग स्थापित गर्न सफल भएको बताए । उनले जो समस्यासँग जुध्न सक्छ उही नै व्यवसायी भएको बताउँदै मेहनत र धर्य गर्न डेरी व्यवसायीहरुलाई आग्रह गरे । अध्यक्ष खरालले कृषक र डेरी व्यवसायीहरुका समस्या समाधानमा एशोसियसन सशक्त ढंगले लाग्ने बताए । कार्यक्रममा नीजि वन सरोकारवाला महासंघका अध्यक्ष एवं अधिवक्ता विष्णु ज्ञवाली, नेपाल प्रेस युनियन पाल्पाका उपाध्यक्ष रामचन्द्र रायमाझी, देउराली छुर्पी उद्योग अर्घाखाँचीका सञ्चालक तिलक गैरे, डुम्रे दूग्ध सहकारी संस्थाका व्यवस्थापक गोपाल जिसी लगायतले आ-आृना धारणा राखेका थिए । एशोसियसन पाल्पाका अध्यक्ष टिकाराम खरालको अध्यक्षता, एशोसियसनका केन्द्रिय सदस्य भुवनेश्वर न्यौपानेको स्वागत, एशोसियसन लुम्बिनी प्रदेशका सचिव विजय सापकोटाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# एलएमसी र मदनपोखरा संगम सहकारीबिच सम्झौता




**पाल्पा,** माघ २/मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तानसेन र लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल (एलएमसी) पाल्पाबिच स्वास्थ्य उपचार सेवामा छुटसम्बन्धी सम्झौता भएको छ । सो अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य उपचार सेवामा निश्चत प्रतिशतको छुटसम्बन्धी सम्झौता भएको हो ।

सहकारीका शेयर सदस्यहरुको स्वास्थ्य उपचार सेवामा निश्चित छुट सुविधा उपलब्ध गराउने गरी सहकारीका अध्यक्ष घनश्याम घिमिरे र हस्पिटलका अध्यक्ष गोपाल पोखरेलबिच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौता अनुसार सहकारीका शेयर सदस्यहरुले एलएमसीमा उपचार गराउँदा बिमाको सुविधा पाउने छन् । उनीहरुले ओपिडि दर्ता शुल्कमा शत प्रतिशत छुट पाउने छन् । त्यस्तै साधारण बेड शुल्कमा ५० प्रतिशत, सघन उपचार बेड चार्जमा १० प्रतिशत, साधारण ल्याव परिक्षणमा २० प्तिशत, रेडियोलोजीकल परिक्षणमा २० प्रतिशत, अप्रेशन शुल्कमा २० प्रतिशत, दन्त चिकित्सासहित विशेष परिक्षणमा १० प्रतिशत, मुख तथा अनुहारको अप्रेशनमा २० प्रतिशत छुट पाउने छन् । यस्तै आश्रित परिवारको हकमा ओपिडि दर्तामा ५० प्रतिशत, साधारण बेड शुल्कमा २५ प्रतिशत, सघन उपचार बेड चार्जमा ५ प्रतिशत, साधारण ल्याब परिक्षणमा १० प्रतिशत, रेडियोलोजिकल परिक्षणमा १० प्रतिशत, अप्रेशन शुल्कमा १० प्रतिशत, दन्त चिकित्सा सहितको विशेष परिक्षणमा १० प्रतिशत तथा सामान्य दाँत परीक्षण र दाँत झिक्नेमा १० प्रतिशत छुट रहेको सहकारीका अध्यक्ष घिमिरेले एनजेडीलाई जानकारी दिए । स्वास्थ्य उपचार सेवामा छुटसम्बन्धी सम्झौताले शेयर सदस्यहरु लाभान्वित हुने उनले विश्वास व्यक्त गरे ।

आगामी दिनहरूमा अझ सुलभ तथा उत्कृष्ट सेवाका निम्ति डिजिटल पूर्वाधारहरू सुदृढ पार्दै जाने समेत अध्यक्ष घिमिरेले बताए । आफ्ना शेयर सदस्यरूलाई सरल, सुलभ र सुरक्षित स्वास्थ्य सेवा प्राप्तिका लागि स्वास्थ्य सेवा प्रदायक संस्थासँगको सहकार्य र सहजीकरणलाई निरन्तरता दिइने पनि उनले बताए ।

## खेलकुद समाचार

# प्रधानमन्त्री कपमा बागमतीको पहिलो जित



**काठमाडौं,** माघ २/स्पीनर सूर्य तामाङको उत्कृष्ट प्रदर्शनमा मधेश प्रदेशविरुद्ध ८६ रनको जित निकाल्दै बागमती प्रदेशले प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा पहिलो जित हात पारेको छ ।

मूलपानी क्रिकेट मैदानमा जितका लागि १ सय ९१ रनको लक्ष्य पछ्याएको मधेशको ब्याटिङ ध्वस्त पार्न बागमतीका सूर्य निकै महत्वपूर्ण रहे । उनले ९ ओभर बलिङ गर्दै ३ मेडनका साथमा ह्याट्रिकसहित ६ विकेट लिएपछि मधेश २९ ओभरमा मात्र १ सय ४ रनमा अल आउट भयो । सूर्यले २९ औं ओभरको पहिलो बलमा रुपेश सिंहलाई २ रनमा बोल्ड गरे । दोस्रो बलमा राजेश यादवलाई विकेट किपर रबिन जोशीको हातबाट स्टम्पिङ्ग गराएका सूर्यले तेस्रो बलमा सांसद अन्सारीलाई प्रतिक श्रेष्ठको हातबाट क्याच आउट गराए । त्यसपछि २ बल डट फालेका सूर्यले रञ्जितकुमारलाई एलबीडब्लूको धरापमा पार्दै एकै ओभरमा ४ विकेट लिए । मधेशका पवन सराफले ४५ र मयन यादवले ३१ तथा निरज यादवले नट आउट १५ रन बनाउनु बाहेक अरु ब्याटरले दोहोरो अंकमा रन नै बनाउन सकेनन् । सूर्यलाई बलिङमा राम्रो साथ दिँदै बागमतीका लागि प्रतिश जिसी र इशान पाण्डेले समान २ विकेट लिए । यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको बागमतीले ४९.२ ओभरमा अलआउट हुँदै १ सय ९० रन बनाएको थियो । बागमतीका लागि प्रतिश जिसीले सर्वाधिक ५९ रन बनाए । उनले ५५ बलमा समान ४ चौका र ४ छक्का प्रहार गरे । रविन जोशीले २१ र ओपनर इशान पाण्डेले १५ रन बनाएका थिए । मधेशका लागि रुपेश सिंह र अरनिको यादवले समान २/२ विकेट लिए । राजेश यादव, रञ्जित कुमार, हरिशंकर शाह र पवन सर्राफले १/१ विकेट लिए । मधेशको यो दोस्रो हार हो । यसअघि कोशी प्रदेशमाथि भने ७ विकेटको जित हात पारेको मधेश आर्मीसँग १ सय २६ रनले पराजित भएको छ । बागमतीले भने नेपाल पुलिस क्लब र एपीएफसँग हार बेहोरेको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** माघ २/पेट्रोलियम पदार्थको मूल्य घटेको छ । नेपाल आयल निगमले मंगलबारदेखि पेट्रोल, डिजेल र मट्टितेलमा १/१ रुपैयाँ मूल्य घटाएको हो ।

जस अनुसार अब पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रति लिटर १ सय ६३ रुपैयाँ ५० पैसा, दोश्रो वर्गका लागि प्रति लिटर १ सय ६५ रुपैयाँ र तेश्रो वर्गका लागि प्रति लिटर १ सय ६६ रुपैयाँ कायम भएको छ । त्यस्तै, डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रति लिटर १ सय ५३ रुपैयाँ ५० पैसा, दोश्रो वर्गका लागि प्रति लिटर १ सय ५५ रुपैयाँ र तेश्रो वर्गका लागि प्रति लिटर १ सय ५६ रुपैयाँ कायम भएको छ । भारतीय आयल कर्पोरेसनबाट सोमबार प्राप्त नयाँ खरिद मूल्यअनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ । भारतीय आयल निगमले भने पेट्रोलको मूल्यमा प्रति लिटर १.२६ रुपैयाँ र डिजेल/मट्टितेलको मूल्यमा प्रति लिटर ०.८३ रुपैयाँले घटाएको छ । घटाइएको मूल्य मंगलबार राति १ बजेबाट लागू भएको छ ।

## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई